*खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक*

# सार्वजनिक सुनुवाई

**२०७६ माघ ७ गते**

# प्रगति-प्रतिबेदन



**आयोजक**

**खजुरा गाउँपालिका, बाँके**

**सहजिकरण**

**बास नेपालगन्ज**

### *खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक*

# सार्वजनिक सुनुवाई

### २०७५ माघ ७ गते

## प्रतिवेदन

**१. सहजिकरण गर्ने संस्थाको परिचय :–**

बागेश्वरी असल शासन क्लब (बास) बिगत १९ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल एक गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहँदै आएको छ । ७३ जिल्ला शाखा, १०० उपशाखा, २० ईकाई र ४२०० भन्दा बढि युवा आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सुचनाको हक, अपाँगता अधिकार, युवा नेतृत्व बिकास र संचारका क्षेत्रमा काम गर्दै आईरहेकोछ । देशमा ब्याप्त भ्रष्टाचार न्युनिकरणका लागि बिभिन्न कार्यक्रम संचालन गर्दै आएको बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था टीआई नेपालको आबद्ध संस्था हो । संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सुचनाको हक, अपाँगता अधिकार, युवा नेतृत्व बिकास, बाल संरक्षण, र संचारका क्षेत्रमा काम गर्दै आईरहेकोछ ।

**२. पृष्ठभुमि** :–

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाइका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजाीक सुनुवाइबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषणपनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुणर दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि -२०६८ समेत लागु भएको छ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा-२०५०

साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको मानिन्छ । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाइको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका ब्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरु सम्म पनि भन्ने गरिन्छ । सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले-२०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धि निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाईन्छ ।

सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य,अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ मा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने प्राब्धान गरेको छ । सुशासन ऐन-२०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली-२०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन कार्यबिधि २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण गर्नुपर्ने ब्यवस्था छ । पछिल्लो समयमा आएर स्थानीय तहहरुले यो संयन्त्रलाई आत्मसात गरी सार्वजनिक सुनुवाई सञ्चालन गदै आएका छन् । सोहि कुरालाई मध्येनजर गर्दै खजुरा गाउँपालीकाको आयोजना र बास, नेपालगंजको सहजिकरणमा खजुरा गाउँपालीकाको आर्थिक वर्ष २०७६/०७७ को प्रथम चौमासिकमा संचालन गरेका विकास निमार्णका गतिविधि र कार्यालयबाट प्रबाह गरिएका सेवाको प्रभावकारिताबारे खुला छलफलका लागि खजुरा गाउँपालिकाको परिसरमा ३०० बढी नागरिकहरुको सहभागीतामा मिति २०७६ मा ७ गतेका दिन ***खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा, सुविधाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम*** सम्पन्न भएको छ ।

**३. कार्यक्रमका उद्धेश्यहरु** :

- गाउँपालिकाको काम कारबाही बारे नागरिकहरुलाई जानकारी गराउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- गाउँपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्टपोषण लिने ।
- बार्षिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

## ४. सार्वर्जजनिक सुनुवाई संचंचालनका क्रममा अवलम्बन गरिएका विधिहरु :

खजुरा गाउँपालिकाले दिने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई गर्नु पूर्व निम्न बिधिहरु अवलम्बन गरिएको थियो :

### *क. सहजकर्ताको छनौट तथा सम्झौता :*

विगतका बर्षहरु देखिनै खजुरा गाउँपालिकाको सार्वजनिक सुनुवाईका सहजिकरणको जिम्मेवारी सम्हाल्दै आएको बास नेपालगन्जसँगको समन्वयमा खजुरा गाउँपालिकाले आ.व. २०७६/०७७ को सार्वजनिक सुनुवाइ सहजिकरणको जिम्मेवारी दिएको थियो । सोही अनुरुप खजुरा गाउँपालिकाले आर्थिक बर्ष २०७६/०७७ मा गर्नु पर्ने सार्वजनिक सुनुवाई सहजिकरणका लागि बास र गाउँपालिका बिच सम्झौता भएको थियो ।

### *ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :*

सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पुर्व आयोजक संस्थाका प्रतिनीधि र सहजिकरणको जिम्मा पाएको संस्था बिच स्थानीय सरकार संचालन कार्यबिधि २०७४, सुशासन ऐन २०६४ तथा नियमावली, २०६५, सार्वजनिक सुनुवाइ सहजिकरण कार्यविधि, २०६७, लगाएतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अद्यायन गरिएको थियो ।

### *ग. सार्वर्जजनिक सुनुवाइको लागि सूचना तथा प्रचार प्रसार र पत्राचार :*

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारको लागि गाउँपालिकामा सबैलाई सार्बजनिक सुचना एक हप्ता अगाडी देखि गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुनुअगाबै सार्वजनिक सूचना प्रकाशन, पम्प्लेट टाँस, निमन्त्रणा पत्र बितरण तथा पत्राचार समेत गरिएको थियो भने रेडियो शदभाव एफएम ९१.२ मेघाहार्जबाट सूचना प्रशारण गर्नुका साथै माइकिङ्ग समेत गरिएको थियो । बिशेष गरि वडा कार्यालय र स्वयंमसेवकहरु मार्फत सबै वडाका स्थानीय नागरिकहरुलाई आमन्त्रण गरिएको थियो ।

### *घ. मिति, समय र स्थान निर्धारण :*

गाउँपालिका र बास बिच छलफल पश्चात गाउँपालिका कार्यालय पछाडीको खुल्ला चौरमा सुनुवाई गर्ने भनी २०७६ माघ ७ गते मैगलबारका दिन दिउसो १ बजे देखि कार्यक्रम गर्ने समय निर्धारण गरिएको थियो ।

### *ङ. नागरिक प्रतिबेदन पत्र तथा बर्हिगमन अभिमत संकलन :*

खजुरा गाउँपालिकाले दिने सेवा तथा सुविधाको बिषयमा ५० जना सेवाग्राहीहरुबाट नागरिक प्रतिबेदन पत्र तथा ५० जना सेवाग्राहीहरुबाट बर्हिगमन अभिमत संकलन गरिएको थियो ।

### *च. सार्वजनिक सुनुवाई कार्यक्रम संचालन*

खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई बिभिन्न दश बुदे सार्वजनिक प्रतिबद्धताको घोषण गर्दै सम्पन्न भएकोछ । बासको सहजिकरणमा माघ ७ गते मंगलबारका दिन खजुरा गाउँपालिका कार्यालय पछाडीको खुल्ला चौरमा उक्त सार्वजनिक सुनुवाई सम्पन्न भएको हो ।

३०० बढि स्थानीयहरुको सहभागितामा सम्पन्न सार्वजनिक सुनुवाईमा खजुरा गाउँपालिकाका अध्यक्ष किस्मत कुमार कक्षपतिले यस आर्थिक बर्षको पहिलो चौमासिक अवधि सम्म सम्पन्न भएका गतिविधि तथा मुख्य उपब्धिहरुबारे जानकारी गराएका थिए । सुनुवाईको खुला छलफलमा सहभागिहरुले पदाधिकारीहरुसँग बिभिन्न बिषयमा जिज्ञाशा तथा प्रश्नहरु राख्नुका साथै सुझावहरु दिएका थिए । उनीहरुले सडक, ढल निर्माण, छाडा चौपाय व्यवस्थापन, पुलपुलेसा निर्माण, सडक अतिक्रमण, लक्षित वर्ग केन्द्रित कार्यक्रम, बिकास निर्माण, बिधुत तथा सिचाइको  समस्या  लगाएतका दर्जनौं बिषयहरुमा जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए ।

सहभागिहरुबाट आएका प्रश्नहरुको उत्तर दिदै खजुरा गाउँपालिकाका अध्यक्ष किस्मत कुमार कक्षपतिले पालिका भित्रका सबै टोल तथा बस्ति जोड्ने गरि बाटो तथा सडक निर्माणमा गाउँपालिका लागिपरेको बताएका थिए । बितेको अढाइ बर्षमा २० किलोमिटर बाटो कालोपत्रे सहित धेरै बाटो तथा सडकहरु निर्माण भएको भन्दै अध्यक्ष कक्षपतीले भने “सबै विकास एकै पटकमा सम्भव हुदैन आवश्यक्ताको आधारमा क्रमागत रुपले विकास हुदैं जान्छ समृद्ध खजुरा गाउँपालिका बनाउने लक्षका साथ १५ वर्षे योजना बनाएर अगाडी बढेका छौं ।” पालिकाको बिभिन्न ठाउँमा पुलको आवश्यक्ता भएको विषयमा नागरिकहरुले गरेको प्रश्नको जवाफ दिदै अध्यक्ष कक्षपतीले पुल निर्माणको ठुलो योजना पालिकाको वजेटले नभ्याउने भएकाले प्रदेश सरकारसंग जोडदार माग गरि पुलको समस्या समाधान गर्ने बताएका थिए । सुनुवाइमा उपाध्यक्ष्य एकमाया बि.क., प्रमुख प्रशासकिय अधिकृत बम बहमदुर के.सी., वडा अध्यक्षहरु, बिषयगत शाखा प्रमुख लगाएतले सहभागिहरुले सोधेका प्रश्नको जवाफ दिएका थिए ।

सहभागिहरुले राखेका सवालहरुलाई सम्बोधन गर्दै सार्वजनिक सुनुवाईको अन्तमा १० बुँदे सार्वजनिक प्रतिबद्धता व्यक्त भएकोछ । व्यक्त भएका प्रतिबद्धताहरुमा पछिल्लो समय जटिल समस्याको रुपम रहेको लागुपदार्थ दुर्व्यशन बिरुद्ध सशक्त अभियान सञ्चालन गर्ने, वडा नं. २ मा अव्यवस्थित रुपमा रहेको सुकुम्वासी समस्या समाधानका लागि रकम भुक्तानी गरिसकेका घरधनिहरुलाई कानुन बमोजिम यथासक्य लालपुर्जा उपलब्ध गर्ने, गाउँपालिका अर्न्तगत रहेका खालि जग्गालाई उपयोग गरि पर्यटकिय स्थलको रुपमा विकास गर्ने, गाउँपालिका वडा नं. ३ को आदर्श मा.बि. बाट भित्री पश्चिम जाने बाटो यहि आर्थिक वर्ष भित्र ६०/४० को लागत सहभागिताको आधारमा निर्माण गर्ने र धौलागिरीबाट सितापुर जोड्ने बाटो ग्रावेल गर्ने, युवा स्वरोजगार कार्यक्रमलाई लाई प्रभाकारी बनाउन योजना तथा प्रश्तावना लिइ आउने युवालाई आवश्यक सहयोग गर्ने, खजुरा गाउँपालिकालाई औद्योगिक ग्रामको रुपमा विकास गर्ने, वडा नं. ४ को किरणनाला पुल निर्माणका लागि प्रदेश सरकारसंग समन्वय गर्ने, गाउँपालिकाको प्रमुख क्षेत्रहरुमा सि.सि. क्यामेरा जडान गर्ने, गाउँपालिका बिभिन्न वडाहरुमा शुद्ध खानेपानी व्यवस्थापन गर्न बिभिन्न निकायसंग समन्वय गर्ने लगाएत रहेका छन् ।

बासका  निवर्तमान अध्यक्ष मन भण्डारीले सहजिकरण गरेको कार्यक्रममा गाउँपालिकाले दिने सेवा, सुबिधाबारे नागरिकहरुबाट लिईएको नागरिक प्रतिबेदन पत्र र बर्हिगमन अभिमत संकलनको नतिजा बास बाँके शाखा अध्यक्ष रबिन्द्र बोहराले प्रस्तुत गरेका थिए भने बासका महासचिब शिव कुमार वर्माले स्वागत गरेका थिए । प्रतिबद्धतामा खजुरा गाउँपालिका अध्यक्ष, किस्मत कुमार कक्षपति, उपाध्यक्ष एकमाया बिक, प्रमुख प्रशासकिय अधिकृत वम बहादुर के.सी., वडा नं. १ वडा अध्यक्ष सुमन मल्ल, वडा नं. २ का वडा अध्यक्ष देविलाल शर्मा, वडा

नं. ३ का वडा अध्यक्ष कान्तुराम गौतम, वडा नं. ४ का वडा अध्यक्ष तिलकविर सुनार, वडा नं. ५ का वडा अध्यक्ष देवेन्द्रमान श्रेष्ठ, वडा नं. ७ का वडा अध्यक्ष अतिउल्ला खाँन, वडा नं. ८ का वडा अध्यक्ष फिरोज खाँन, बिभिन्न बिषयगत शाखाका प्रमुखहरु लगाएतले हस्ताक्षर गरेका थिए । सुनुवाई ३ घण्टा भन्दा बढि समय चलेको थियो ।

**तस्विरमा सुनुवाई :**





**सुनुवाईको सहजिकरण गर्दै बासका निवर्तमान अध्यक्ष मन भण्डारी बाँया तथा सहभागीहरुको प्रश्नको जवाफदिदै गाउँपालिकाका प्रमख किस्मत कुमार कक्षपती दाँया ।**





**सुनुवाईका सहभागीहरु बाँया तथा सुनुवाईमा प्रश्न गर्दै एक सहभागी दाँया ।**






**सुनुवाइका जवाफदेहि ब्यक्तिहरु बाँया तथा प्रश्न गर्दै एक जना सहभागि दाँया ।**

***ज. सार्वजनिक सुनुवाइमा उठान भएका मुख्य सवालहरु :***

सार्वजनिक सुनुवाइमा शिक्षा तथा स्वास्थ्य सेवा प्रभावकारी नभएको, सडक, ढल निर्माण, छाडा चौपाय व्यवस्थापन, पुलपुलेसा निर्माण, सडक अतिक्रमण, लक्षित वर्ग केन्द्रित कार्यक्रम, बिकास निर्माण, बिधुत तथा किर्षकका समस्या लगाएतका दर्जनौं बिषयहरुमा जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए । मुख्य स्वाल तथा जवाफ अनुसुचीमा उल्लेख गरिएको छ ।

***झ. प्रतिवद्धताहरुको सार्वजनिकिकरण :***

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाईमा उठेका सवाल वा बिषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफहरु र सुधारको लागि १० बुंदे साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरिएको थियो । प्रतिबद्धताहरु घोषणा गर्दै सार्वजनिक सुनुवाई सम्पन्न भए पश्चात प्रतिबद्धता सहित उल्लेख गरिएको प्रेश बिज्ञप्ती प्रकाशन गरिएको थियो । जुन बिज्ञप्ती सबै सञ्चार माध्यमहरुमा सम्प्रेषण गरिएको थियो । सम्प्रेषित बिज्ञप्तीका आधारमा बिभिन्न सञ्चार माध्यमहरुमा समाचार उच्च प्राथमिकताका साथ प्रकाशन/प्रशारण भएको थियो ।

१० बुँदे प्रतिवद्धताहरु प्रतिवेदनको अनुसुची ३ मा संलग्न गरीएकोछ ।

**५. सार्वजनिक सुनुवामा सहभागिहरु उपस्थिती संख्या:**

खजुरा गाउापालिकाको आयोजना र बासको सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाको सबै वडाबाट सेवाग्राही, वडा कार्यालयका पदाधिकारी, सदस्यहरु, बिभिन्न सञ्जालका प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजिबी, विभिन्न संघ, संस्थाका प्रतिनिधी लगायत विभिन्न विषयगत कार्यालयका सहभागिहरुको समेत सहभागिता रहेको थियो । ३०३ जनाको सहभागिता रहेको सुनुवाईमा २२५ जना पुरुष, र ७८ जना महिलाको सहभागिता रहेको थियो । जसमा ३५ जना दलित (मधेशी दलित बाहेक), ६९ जना जनजाती, २० जना मधेशी, २६ जना मुस्लीम र १५३ जना अन्य सहभागिहरुको सहभागिता रहेको थियो सहभागिहरुको उपस्थिती विवरण अनुसुची ४ मा संलग्न गरिएको छ ।

**६. जवाफदेहि बक्ताहरु:**

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| *क्र.स.* | *नम* | *पद* | *निकाय* |
|---|---|---|---|
| १. | किस्मत कुमार कक्षपति | अध्यक्ष | खजुरा गाउँपालिका |
| २. | एकमाया बि.क. | उपाध्यक्ष | खजुरा गाउँपालिका |
| ३. | बम शाहदुर के.सी. | प्रमुख प्रशासकिय अधिकेत | खजुरा गाउँपालिका |

| | | | |
|---|---|---|---|
| ४. | सुमन मल्ल | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर १ |
| ५. | देविलाल शर्मा | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर २ |
| ६. | कान्तुराम गौतम | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर ३ |
| ७. | तिलकविर सुनार | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर ४ |
| ८. | देवेन्द्रमान श्रेष्ठ | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर ५ |
| ९. | साविर जोलाह | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर ६ |
| १०. | अतिउल्ला खाँन | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर ७ |
| ११. | फिरोज खाान | वडा अध्यक्ष | खजुरा गाउँपालिका वडा नम्बर ८ |
| १२. | फत्तेकुमारी जैसी | गाउँकार्यपालिका सदस्य | खजुरा गाउँपालिका |
| १३. | झुमा कुमारी योगी | गाउँकार्यपालिका सदस्य | खजुरा गाउँपालिका |
| १४. | भागिरथ सुनार | गाउँकार्यपालिका सदस्य | खजुरा गाउँपालिका |
| १५. | योगमाया खनाल | गाउँकार्यपालिका सदस्य | खजुरा गाउँपालिका |
| १६. | निसार अली दर्जि | गाउँकार्यपालिका सदस्य | खजुरा गाउँपालिका |
| १७. | सिता गुरुङ्ग | गाउँकार्यपालिका सदस्य | खजुरा गाउँपालिका |
| १८. | दिल बहादुर पौडेल | योजना शाखा प्रमुख | खजुरा गाउँपालिका |
| १९. | टंकनाथ दाहाल | शिक्षा शाखा प्रतिनिधि | खजुरा गाउँपालिका |
| २० | पुर्ण बहादुर खड्का | स्वास्थ्य शाखा प्रमुख | खजुरा गाउँपालिका |
| २१ | लक्ष्मी बिष्ट | महिला तथा बालबालिका शाखा प्रमुख | खजुरा गाउँपालिका |
| २२ | पुनम पोखेल | कृषि शाखा प्रमुख | खजुरा गाउँपालिका |
| २३ | रत्न बहादर शाही | पशु सेवा शाखा | खजुरा गाउँपालिका |
| २४ | कन्चन तिवारी | इन्जिनियर (प्राविधिक शाखा) | खजुरा गाउँपालिका |

## ७. सवल पक्षहरु

प्रभावकारी सेवा, सुविधा तथा गुणस्तरीय विकास कार्यक्रम, बिकास निर्माण, सरसफाई बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाब राख्नका लागि खजुरा गाउँपालिकाको आयोजना तथा बासको सहजिकरणमा सञ्चालन भएको सार्वजनिक सुनुवाई एक सफल कार्यक्रमको रुपमा स्थापित भएकोछ । यो कार्यक्रम सञ्चालनको क्रममा पाईएका केहि सवल पक्षहरु निम्नानुसार रहेका छन् ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा *स्थानिय सरकार संचालन कार्यबिधि २०७४, स्थानीय* निकाय सार्वजनिक सुनुवाई कार्यबिधि-२०६७ मा भएको व्यवस्था अनुसारनै सम्पन्न भएको छ ।

२. सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाको सेवा प्रबाहको अवस्था, मूख्य-मूख्य उपलब्धिहरु, नयाँ कार्यहरु र आगामी योजना बारे जानकारी गराउने काम भएको छ ।

३. सहभागिहरुले गुनासा, जिज्ञासा, सुझाब स्वस्फूर्त रुपमा धक फुकाएर अभिव्यक्त गरेका छन् ।

४. कार्यक्रमको सुरुवातमा सार्वजनिक सुनुवाइका आचारसंहिता प्रस्तुत सहित अनुमोदन गरी कार्यक्रम संचालन गरिएको थियो ।

५. सहभागिहरुबाट उठान गरिएका सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ खोज्ने काम भएको थियो भने सहजकर्ताबाट थप प्रष्ट पार्नका लागि प्रभावकारी रुपमा सहजिकरण गर्ने काम भएको थियो ।

६. कार्यक्रमको अन्तमा छलफल भएका विषयवस्तुहरुलाई संक्षेपीकृत गरी १० बुँदे प्रतिवद्धता तयार र सार्वजनिकीकरण गरी जबाफदेहि बक्ताहरुलाइ हस्ताक्षर गराईएको थियो ।

७. सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार प्रसारका लागि सार्वजनिक सुचना, पत्राचार, निमन्त्रणा वितरण, पम्प्लेट टाँस गरिएको थियो ।

८. कार्यक्रम व्यवस्थापनका लागि उचित कार्य बिभाजन गरिँदा कार्यक्रम प्रभावकारी भएको थियो ।

९. सुनुवाईमा गाउँपालिका कार्यालयका प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु, शाखा प्रमुखहरुको उपस्थित हुनुले सुनुवाई प्रभावकारी भएको थियो ।

१०. सुनुवाईमा अल्प संख्य, सिमान्तकृत, तथा पछाडि परेका वर्गहरुको अर्थपुर्ण सहभागिता रहेको थियो ।

## ८. सुधारका लागि सुझाब

१. कार्यक्रम निकै प्रभावकारी भएको भएपनि थप प्रभावकारि बनाउनका लागी सम्पन्न सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनु पर्ने देखिन्छ ।

२. सार्वजनिक सुनुवाई चौमासकि अवधिमै गर्नकालागि गाउँपालिकाले समय व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

## ९. कार्यक्रमका उपलव्धिहरु :

- गाउँपालिकाको काम कारबाही बारे नागरिकहरुलाई जानकारी गराउने काम भएकोछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने काम भएको छ ।
- गाउँपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने काम भएकोछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्टपोषण लिने काम भएकोछ ।
- बार्षिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएको छ ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने काम भएको छ ।

## अनुसुची १

***सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :***

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

## अनुसुची २

### खजुरा गाउँपालिकाले दिने सेवा र सुबिधाका बिषयमा गरिएको

### नागरिक प्रतिवेदन पत्र (citizen Report Card) को नतिजा

**जम्मा : ५० जना**

### १. सेवाको सन्तुष्टि

१.१ तपाईले यस पालिकाबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्टि (४६%) ठीकै (४६%) असन्तुष्टि (८%)

२. सेवाको नियमितता

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्टि हुनुहुन्छ ?

धेरै सन्तुष्टि (२८%) ठीकै (६६%) असन्तुष्टि (६%)

२.२ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो?

तिरेको छैन - (९४%) एकदमै कम (४%) धैरै तिरेको (२%)

**३. सेवाप्रतिको जनविश्वास**

३.१ पालिकाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (६२%) ठीकै (३०%) अविश्वस्त (८%)

३.२ यस पालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनीधि प्रति तपाईको विश्वास कत्तिको छ ?

धेरै (३०%) ठीकै (६६%) विश्वास छैन (६ %)

खण्ड ४. सेवाको गुणस्तर

४.१ यस कार्यलयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ७० % ) कम सन्तुष्ट ( २८ % ) असन्तुष्ट ( २ % )

५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यलयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो ( ३० % ) ठीकै ( ६२ % ) नराम्रो ( १० % )

५.२ कार्यलय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो ( ३० % ) ठीकै ( ६६ % ) खासै राम्रो छैन् ( ४ % )

## प्रश्नावली भाग २

**१. सिफारिस सम्बन्धि**

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनुभयो ?

पाँए ( ९८% ) ठीकै पाँए ( १८ % ) स्पष्ट पाईन (४ % )

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पऱ्यो ?

दिँए ( ३० % ) थोरै दिँए ( ४ % ) मागिएन र दिईएन पनि ( ६६% )

२. पूर्वाधार तथा सरसफाई सम्बन्धि

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो ( ५४ % ) ठीकै ( ४४ % ) खराब ( २ % )

२.२ कार्यालयमा सरसफाई सम्बन्धि गुनासो गर्दा त्यसमाथि कार्वाही कत्तिको गरिन्छ ?

तुरुन्तै हुन्छ ( ७० % ) पटक पटक भनेपछि मात्रै हुन्छ (२४ % ) जति भनेपनि हुन्न (४ % )

२.३ पालिकामा विकास निर्माणको स्थिती कस्तो छ ?

राम्रो ( ३४ % ) ठीकै ( ६४ % ) खराब ( २ % )

२.४ पालिकाले सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारि छन् ?

प्रभावकारि छन् ( ६२ ) ठीकै छन् ( ३६ % ) प्रभावकारी छैनन् ( २% )

२.५ योजनाहरु जाँच पाँस गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन ( ८० % ) मागेर लिन्छन् ( १८ % ) रकम नदिए अप्ठ्यारो पार्छन् (२ % )

३.१ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सिप छ - ९२ % ) आवश्यकता भन्दा कम छ (८ % ) सीप निकै कम छ ( )

३.२ नपाको आम्दानी र खर्च बाहिर सुचना पार्टिमा टाँसेको देख्नुभयो ?

देखेको छु (३८ % ) कहिले काही टासेको देखिन्छ (८ % ) खै कतै देखिएन ( ५४ %)

३.३ बर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तीको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (४४ % ) ठीकै ( ५० % ) कुनै जानकारी छैन ( ६ % )

४. पारदर्शिता सम्बन्धि

४.१ यस कार्यालयको बार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु ( ३६ % ठीकै जानकारी पाएको छु (२४ % ) कम जानकारी पाएको छु ( ४०%

## खजुरा गाउपालीकामा सेवा लिन आएका ५० जना प्रतिनिधि मुलक सेवाग्राहीहरुबाट लिईएको बर्हिगमन अभिमत (Exit poll) बिबरण

**जम्मा : ५० जना**

| सि.नं. | सेवाको नाम | मूल्याङकन | | |
|---|---|---|---|---|
| १ | सेवालिदाकासँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई जानकारी भयो ? | अति स्पष्ट<br>२४% | ठीकै<br>७०% | अस्पष्ट<br>६% |
| २ | सेवाप्रदायककर्मचारीले तपाईको आवश्यकता र अपेक्षाकतिबुझे जस्तो लाग्यो ? | अति धेरै<br>४४% | ठीकै<br>५०% | थोरै ६% |
| ३ | तपाई प्रतिसेवाप्रदायककर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसर मैत्रीपूर्ण<br>४२% | ठीकै<br>५०% | अभद्र अमर्यादित<br>८% |
| ४ | सेवाप्राप्त गर्न आवश्यम सूचनाहरु ( प्रमाण,कागजात) र शुल्क, दस्तुर बारे तपाईलाई सेवाप्रदायकर्मचारीले स्पष्ट जानकारी गरे? | अति स्पष्ट गरीदिए<br>३४% | ठीकै ६०% | अलमल्लहुने गरी अस्पष्ट सूचनादिए<br>६% |
| ५ | तपाईंले राख्नु भएका समस्यालाई के कस्तो समाधानदिए? | अति सजिलो तरीकाबाट समाधानदिए २४% | ठीकै ७०% | समाधानदिन सकेनन्<br>६% |
| ६ | तपाईलाई सेवाप्राप्त गर्न अपनाईएकाप्रकृया के कस्तो लाग्यो ? | अति सजिलो २०% | ठीकै<br>७०% | लामो र झन्झटिलो<br>१०% |

| **राम्रा लागेका कुराहरु** | | **सुधार गर्नुपर्ने कुराहरु** | |
|---|---|---|---|
| १ | कर्मचारीको व्यवहार राम्रो छ । | १ | पार्किङ्ग हुनु पर्ने । |
| २ | सेवा प्रवाह राम्रो छ । | २ | कार्यलयको वरिपरि पर्खाल हुनु पर्ने । |
| ३ | कार्यलयको भवन राम्रो छ । | ३ | कार्यलय जाने बाटो पिज हुनुपर्ने । |
| ४ | कार्यालयको सरसफाई, व्यावस्थापन र ल्याआवट राम्रो तथा शान्त वातावरण छ । | ४ | कामको ढिलो सुस्तीमा सुधार ल्याउनु पर्ने । |
| ५ | कर्मचारीको व्यवहार आत्मीय र मैत्रीपूर्ण हुनु । | ५ | कार्यलय सुविधा सम्पन्न गर्नुपर्ने । |
| ६ | सौचालय सफा छ । | ६ | कर्मचारी समयमा पुग्नुपर्ने । |
| | | ७ | कार्यलय भवन अझ राम्रो बनाउनु पर्ने । |

सहभागिहरुको मुख्य प्रश्न, गुनासो, पीर मर्का तथा जबाफदेहि बक्ताहरुको जबाफ छोट्करीमाए

| क्र.स | प्रश्नकर्ताको नाम थर र ठेगाना | प्रश्न,गुनासो,सुझाव | जवाफदेही व्यक्तिको नाम, थर र पद | छोट्करीमा जवाफ |
|---|---|---|---|---|
| १ | कर्ण बहादुर गिरी वडा न. २ रिमझिम बजार | प्रतिवेदनमा सबै वडाको योजना किन आएन ? | किस्मत कुमार कक्षपती पालिका अध्यक्ष | सबै वडामा काम भइरहेको छ प्रतिवेदनमा वडा नं. २ को योजनाहरु छुटेको छ समावेश गर्छौंक । |
| २ | पुर्ण ब. पुन मगर | लामो समय सम्म बसेको बस्ती सुनिन्छ । तर कर तिरेको छ सुकुम्बासी बस्तिको व्यवस्थापा कहिले हुन्छ ? | किस्मत कुमार कक्षपती पालिका अध्यक्ष | बस्ति बिकास निर्माण खजुरा गा.पा.का.बाट रोकेको हो । स्थानिय ऐन अनुसार तत्कालिन समयमा पहिला पनि रोकेको हो । कर तिरेको छ भने प्रक्रियामा जान्छ कानुन बन्दैछ कानुन अनुसार व्यवस्थापन गर्छौं । |
| ३ | डि गाउँको बासिन्दा | परस्पुर गौघाट सडक खण्डको काम किन संचालन हुन नसकेको हो ?<br>सडक ग्रेबिल गेर्णस्तरिय हुदैन किन ?<br>पलिकामा रहेको खाली जग्गाको सदुपयोग किन भएन ? | किस्मत कुमार कक्षपती पालिका अध्यक्ष | सडक डिभिजनलाई बोलाएर परसपुर र गौघाट ग्रेबिल र रोलीङ्ग गरी बाटो निर्माण गर्ने समझदारी भएको छ । ४० लाखको हाराहारीमा बाटो मर्मत कार्य भइरहेको छ । अर्को बर्ष सम्म पुरै पिच  हुन्छ । बेरोजगार भएको युवाहरुलाई स्वरोजगार हुनेगरी योजना बनाएकाछौं योजना तथा प्रश्तावना लिएर आउनेलाई पालिकाले सहयोग गर्छ ।<br>पालिका परिसरलाई पर्यटकीय स्थल बनाउने योजना बनेको छ । |
| ४ | कमला कुवँर | वडा ३ मा हुने बाटो छिटै बन्नु पऱ्यो ? २५० मिटर बाटो | कान्तुराम गौतम वडा ३ वडा अध्यक्ष | पुर्नबासको यो बर्ष आउने बर्षमा बाटो बन्ने ।<br>६०/४० मा सिफारीस गरी आएएमा बाटो निर्माण गर्न |

| | | | | |
|---|---|---|---|---|
| | आदर्शनगर | | | सहयोग हुन्छ । |
| ५ | सुर्बण केसी<br>खजुरा | खजुरा गा.पा.का.मा रहेको गैर संघसस्थाहरु कसरी सहकार्य गर्ने गरीव असहाय लगायत बेरोजगारी युवाहरुलाई कस्तो रणनिती छ ? अख्तियारमा परेका भ्रष्टाचारका मुद्धाहरुको वारे के भइरहेको ५ ? | किस्मत कुमार कक्षपती<br>गापा अध्यक्ष | २० वर्ष पहिलेदेखीका धेरै मूद्धाहरु छन् । खबरदारी गर्ने कार्य स्थानिय नागरिकको पनि हो । कतै भ्रष्टाचार भएको वारे पालिकामा सूचना आएमा कारबाहि हुन्छ । संघसस्था संगसहकार्य गर्न तयार छौं । |
| ६ | श्याम क्षेष्ठ<br>आदर्शनगर टोल | विभिन्न वडाको योजना आयो वडा नं. १ साविक र आदर्श मा.वि.जाने बाटोसम्म पिच भएको छ । किरण खोला बाट सितापुर सम्म हुने बाटो बिच छिटो बन्नु पर्छ । खजुराको परिसरमा धौलागीरी १५ वर्ष योजनामा १५ वर्ष सम्म यहि सरकार रहन्छ । | | ६ नं. र ३ नं. को मात्रै बाटो नरहेर बिचमा दुबै वडामा परेको<br>१५ वर्षीय योजना राष्ट्रिय सरकार रहेको छ । बृहत खजुरा बनाउने योजना रहेको छ । |
| ७ | भिम ब. राना | प्रतिपक्षको भुमिका के त ?<br>६ महिना पछि कार्यलयमा हुन्छ तर<br>पत्रिकामा १५ लाख धेरै रकम खर्च हुन्छ कहा के मा खर्च भयो ।<br>-गुलरिया राजमार्ग कस्तो खालको बाटो बन्छ ।<br>-खेलकुद सम्बन्धि के कस्तो योजना तथा रणनिति रहेको छ ? | किस्मत कुमार कक्षपती गापा अध्यक्ष | वडा गाविस मिलेर गा. पा. बनेको छ, सार्वजनिक सुनुवाईमा सत्ता पक्ष र प्रतिपक्ष कहिले पनि हुदैन जनतालाई बोलाईन्छ सवाल जवाफ गरिन्छ । कपास विकास बाट मगन्ता टोल सम्म १२/१२ मिटरको बाटो बन्छ । चार वटा भलिबल खेलको लागि मैदानहरु बनेका छन् । गाउँपालिकालाई खेल्कुद हव मनाउने गरि योजनाका साथ लागिपरेकाछौं । ५ /६/७/८ मा बाटो पिच गर्ने योजना यस वर्षमा छ । |

| | | | | |
|---|---|---|---|---|
| ८ | रितु गिरी<br>सृजना टोल ४ | किरणनालाको पुल निर्माणको अपेक्ष | तिलकविर सुनार वडा नं. ४ वडा अध्यक्ष । | किरणनाला पुलको बारेमा प्रदेश सरकारसंग कुरा भएको छ, ठुला योजना प्रदेशको जिम्मा हुन्छ । काठको पुल बनाउनलाई १६ लाखको वजेट छ पुल बन्छ । |
| ९ | राजकिश्वर<br>खजुरा गौघाट | गौघाट जाने बाटो निर्माण<br>७४ मा सार्वजनिक धारा कहाँ गयो ?<br>पर्यटक क्षेत्रलाई सञ्चालन गर्नु पर्छ ।<br>वेरोजगार युवाहरु सिपमुलक कनाउन आवश्याक छ ।<br>यो वर्ष वजेट कम छ ।<br>७ वटा धारा दिएको तर ७० फिटमा पानी अर्सिनिक भएकोले नदिएको । | २ नं. वडा अध्यक्ष | युवाहरु विदेशमा जस्तो सुकै काम गर्न तयार हुन्छन तर आफ्नो देशमाकाम गर्न गाह्रो हुन्छ ।<br>वाणिज्य बैंकमा ७% मा रकम उपलब्ध छ ।<br>महिलाका लागी ३% युवाहरु ६% ब्यजदरमा खजुरा गा.पा. का आएमा रिण सहयोग गर्छौं ।<br>योजना सहित युवाहरु पालिकामा आएको खण्डमा सिप विकास सम्बन्धिका कार्यक्रममा सञ्चालनका लागि पालिका सहयोग गर्न तयार छौं । |
| १० | रोजी माया<br>खजुरा आदर्शनगर आदर्श मा. वि.का विद्यार्थी | लागु पदार्थ २/३/४ को युवा र युवतीहरु पनि सेवन गरेको देखिन्छ ।<br>अनुगमनको आवश्यक छ ।,<br>सुरक्षा कर्मि पनि र शिक्षकलागु औषध सेवन | किस्मत कुमार कक्षपती अध्यक्ष<br>दामोदर अधिकारी इन्चार्ज धनौली प्रहरी चौकी | लागुपदार्थ सम्बन्धि वडामा सचेतनामुलक कार्यक्रम गररिहेको छ । आगामी दिनमा सशक्त अभियान सञ्चालन गर्छौं ।<br>१०० मा फोन गरेमा तत्काल सेवा गर्ने तयार । प्रहरी पनि सेवन गरेको अवस्थामा खवर गर्नुहोस् कार्वाहि गर्छौं । |
| ११ | नारायण शर्मा<br>वडा नं. ३ | धनौलि चोक र सि गाँउमा सि.सि क्यामराको आवश्यक छ । | किस्मत कुमार कक्षपती अध्यक्ष | खजुरा बजारको मुख्या चोक, रिमझिम चोक लगाएतका स्थानमा सि.सि. क्यामरा जडान गर्छौं । |
| १२ | तेज विक्रम शाह | सुझाब खजुरा गां पा. ले बालमैत्री बनाउनुपर्छ । गांउलाई अंग्रेजीको नाम छ | किस्मत कुमार कक्षपती अध्यक्ष | ABC को नामलाई सुधार्ने वारेमा छलफल गर्छौं । |

| | | | | |
|---|---|---|---|---|
| | खजुरा वडा नं. ३ ए गाँउ | । र गांउको बाटो ग्राबील हालेको बाटो एक महिना | | |
| १३ | दल ब सुनार | विगत गाँउमा खोला नाला चारैतिर रहेको हुँदा धेरै समस्या छ। | किस्मत कुमार कक्षपती अध्यक्ष | कृषकलाई अनुदान हुनुपर्छ त्यसलाई ध्यानाकर्षण गर्ने प्रतिबद्धता। |
| १४ | बुद्धी प्रसाद भण्डारी | खजुरा गां पा उदारापुर सिलपुर ५,६,७,८ वडा शिक्षाको हिसावले पछाडी छन् ध्यान जाहोस्। | किस्मत कुमार कक्षपती अध्यक्ष | शिक्षाको गुर्णस्तर सुधार गर्न बिभिन्न योजना तथा कार्यक्रम संचालन भइरहेका छन्। विश्वविद्यायलय संचालनको लागि योजना बनिरहेको छ। |
| १५ | लिला सुनार<br>वडा नं. ४ | लक्षित वर्गका कार्यक्रमका  लागी वजेट छुट्टाउन आवश्यक छ। | वडा नं. ४ को वडा अध्यक्ष | सहमतिको बाटो आउने वर्षमा बाटो बन्छ।त्यसै गरि सहमति भएमाा होम पाइप पनि राख्ने योजना  छ। |
| १६ | सुवर्ण टोल | वडामा कुनै पनि उपलब्धि मुलक कार्यक्रम हुन सकेको छैन्।<br>इट्टा भट्टा भएको कारण सवरी साधन साधनको समस्या भएको छ। | किस्मत कुमार कक्षपती अध्यक्ष | यस वर्ष करोडको बाटो बन्दैछ। |
| १७ | | वडा नं ६ मा रहेको बाटोको अबस्था निकै दैनिय रहेको छ।व्यवस्थापनको लागी अनुरोध छ। | | वडा अध्यक्ष संग छलफल गरी बाटो निर्माणको कार्य जति सक्दो चाडो बनाउने प्रयास गर्ने छौ। |

**नमस्कार शाह**

**कार्यकारी निर्देशक, बास**